# चिशंगुगढी गाउँपालिका

## चिशंखुगढी गाउँपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति :— २०७६।१२।२३

चिशंखुगढी गाउँपालिका, ओखलढुंगा।

# चिशंखुगढी गाउँपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

प्रस्तावना

कोभिड–१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवनयापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम चिशंखुगढी गाउँ कार्यपालिकाले देहायको मापदण्ड बनाइ लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम 'चिशंखुगढी गाउँपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) 'असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग' भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ३ बमोजिमका श्रमिक कामदार तथा मजदुर सम्झनु पर्दछ।

(ख) 'असहाय' भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वार, चर्च वा बृद्धाआश्रममा बस्ने व्यक्ति सम्झनु पर्दछ ।

(ग) 'राहत' भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम गाउँपालिकाले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्दछ।

(घ) 'स्थानीय तह' भन्नाले चिशंखुगढी गाउँपालिका सम्झनु पर्दछ।

३. लाभग्राही मापदण्ड : (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई वडा कार्यालयले प्रदान गर्नुपर्नेछ।

क) दफा ३ 'क' मा उल्लेख भए बमोजिमको समिनिको बैठक बसि तपसिलका मापदण्डका आधारमा रही राहत आवश्यक पर्ने घर परिवारको छनौट गर्नुपर्नेछ।

अ) कम्तिमा घरमा भएको उत्पादनले १ महिना भन्दा कम खान पुग्ने।

आ) परिवारको कुनै सदस्य बैदेशिक रोजगार वा आन्तरिक व्यापार वा कुनै प्रकारको सरकारी, निजी क्षेत्र, गैर सरकारी क्षेत्रमा रोजगारीमा आवद्ध नभएको।

इ) ज्यादै न्यून स्तरको आर्थिक अवस्था तथा उच्च गरिबी रहेको, ज्याला मजदुरी नगरेसम्म कम्तिमा दुई छाक आफू र आफ्नो परिवार पाल्ने क्षमता नभएको।

ई) सामाजिक न्यायको सिद्धान्तको आधारमा उक्त परिवार राहत छनौटमा पर्दा कुनै प्रकारको विवाद सृजना नहुने ।

उ) घरमा कुनै खाद्य सामाग्री कोदो, मकै, चामलको भण्डारण नगरेको ।

ऊ) खाद्यान्न उत्पादन को लागि ३ रोपनी भन्दा वढि जग्गा नभएको ।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको छनौट अनुसूची ४ को प्राप्त अंक का आधारमा समितिले तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

३क. श्रमिक र असहाय तथा आपूर्तिकर्ता छनौट समिति : दफा ३ को मापदण्ड वमोजिम वडावाट लाभग्राही छनौट तथा दफा ५ वमोजिमको राहत वितरणका लागि आपुर्तिकर्ता छनौट निम्न वमोजिमको वडास्तरीय समिति मार्फत गर्नु पर्नेछ ।

सयोजक : वडाअध्यक्ष

सदस्य : सम्वन्धित वडाका कार्यपालिका सदस्य सहित वडा सदस्य सवै

सदस्य : वडाका मुख्य दुई दलका १/१ जना प्रतिनिधि

सदस्य : समितिले तोकेको समाजसेवी मध्येवाट १ जना

सदस्य सचिव : वडा सचिव

४. राहत वितरण गर्नुपर्ने : दफा ३ बमोजिम सार्वजनिक भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बामोजिमको राहत अनुसूची ६ वमोजिमको गाउँपालिकाले निर्धारण गरेको दररेटमा तत्काल वितरण गर्नुपर्नेछ ।

५. राहत सामाग्री : (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायकहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछ ।

(क) चामल २५ किलोग्राम

(ख) दाल २ किलोग्राम

(ग) नुन १ पाकेट

(घ) खाने तेल १ लिटर

(ङ) साबुन २ वटा

(च) चिनी १ किलोग्राम

(२) यस मापदण्ड बामोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्दछ । साथै उक्त परिवारमा ५ जना भन्दा बढी परिवार संख्या भए प्रति व्यक्ती ५ के जी चामल थप गरिनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत समाग्री वितरण गरिने छैन

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. वितरण गर्ने विधि : (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) दफा ३ (क) वमोजिमको समितिले लाभग्राही छनौट गरी आवश्यक राहत सामाग्रीको आकलन गर्ने ।

(ख) गाउँपालिकाले उपलब्ध गराएको दररेटमा वडाकार्यालयले सामाग्री खरिद गरी वितरण गर्ने वा कुपन वितरण गरी नजिकैको आपूर्तिकर्ताबाट उपलब्ध गराउन व्यवस्था गर्ने । उक्त कुपन वडा अध्यक्ष वा वडासदस्यले उपलब्ध गराउन सक्ने कुपनको ढाचा अनुसुची ५ वमोजिम हुने छ ।

७. **राहत वितरणको अभिलेख र प्रतिवेदन** : (१) सम्बन्धित वडाले वितरणको अनसूची–२ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी सामाहिक रुपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउर्नुपर्नेछ ।

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. **कारबाही सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरा राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नुपर्नेछ ।

## अनुसूची–१
### (दफा ३ सँग सम्बन्धित)
### निवेदनको ढाचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थर : २. बाबुको नाम : ३ बाजेको नाम

४. स्थायी ठेगाना : ५. हालको ठेगाना :

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :

८. पेश गरेको कागजातको विवरण : (कम्तिमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा

(ख) गरिब घर परिवार परिचयपत्रको प्रतिलिपी वा

(ग) सवारी चालक अनुमति पत्रको प्रतिलिपी वा

(घ) अन्य :

९. राहत लिने व्यक्तिको स्वः घोषणा :

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो दिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक :

दस्तखत :

मिति :

सिफारिस गर्ने पदाधिकारी :

दस्तखत :

नाम : पद :

मिति :

स्थानीय तह : वडा नं:

औँठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

## अनूसूची २
### (दफा ७ को उपदफा १ सँग सम्बन्धित)

चिशंखुगढी गाउँपालिका

वडा नं. ..................... कार्यालय : ...................

राहत विवरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको :
दस्तखत :
नाम थर :
टेलिफोन नं.

## अनुसूची ३
(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

चिशंखुगढी गाउँपालिका
वडा नं. ..................... कार्यालय : ..................

### प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रतिवेदन गर्नेको :
दस्तखत :
नाम थर :
टेलिफोन नं.

अनुसुची ४
दफा ३ सँग सम्बन्धित
छनौट मापदण्ड

| मापदण्ड | पुर्णाङ्क | प्रामाङ्क | कैफियत |
|---|---|---|---|
| अ) | १५ | | |
| आ) | २० | | |
| इ) | ३० | | |
| ई) | १० | | |
| उ) | १० | | |
| ऊ) | १५ | | |
| जम्मा | १०० | | |

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रतिवेदन गर्नेको :
दस्तखत :
नाम थर :
टेलिफोन नं.

अनुसुची ४
दफा ३ सँग सम्बन्धित
छनौट मापदण्ड

| मापदण्ड | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| अ) | १५ | | |
| आ) | २० | | |
| इ) | ३० | | |
| ई) | १० | | |
| उ) | १० | | |
| ऊ) | १५ | | |
| जम्मा | १०० | | |